लहान नगरपालिका

# दलित तथा अति विपन्न छात्रवृत्ति वितरण कार्यविधि, २०७९

प्रमाणीकरण मितिः २०७९/११/१४

लहान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लहान, सिरहा

मधेश प्रदेश

# दलित तथा अति विपन्न छात्रवृत्ति वितरण कार्यविधि, २०७९

प्रस्तावनाः

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकालाई टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चिताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ज (१६) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार प्रयोग गरी लहान नगरकार्यपालिकाको बैठकले दलित तथा अति विपन्न छात्रवृत्ति वितरण कार्यविधि, २०७९ जारी गरेको छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम "दलित तथा अति विपन्न छात्रवृत्ति वितरण कार्यविधि,२०७९" रहनेछ ।

१.२ कार्यविधि स्वीकृत भए पश्चात यो कार्यविधि कार्यान्वयनमा आउनेछ ।

१.३ यो कार्यविधि लहान नगरपालिकाभित्र लागू हुनेछ ।

१.४ यो कार्यविधि लहान नगरपालिका भित्र स्थायी बसोबास गरी यसै पालिका भित्रको सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) उत्तीर्ण गरी पालिकाभित्रकै सामुदायिक विद्यालय र जे.एस.मुरारका बहुमुखी क्याम्पसमा कक्षा ११/१२ र स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि मात्र केन्द्रित भई तयार गरिएको छ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

- "लक्षित वर्ग" भन्नाले लहान नगरपालिकाका सामुदायिक विद्यालयहरुमा अध्ययन गरी कक्षा ११/१२ का लागि माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) र स्नातक तहका लागि कक्षा १२ मा उत्कृष्ट जि.पि.ए. सहित सफल हुने दलित/अति विपन्न/एकल महिलाका सन्ततिहरुलाई जनाउनेछ ।
- "नगरपालिका" भन्नाले लहान नगरपालिका सम्झिनुपर्छ ।

## परिच्छेद २

३. विपन्न लक्षित छात्रवृत्तिका उद्देश्यहरु

यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छः

क. माध्यमिक तहमा तोकिएको आधारमा लक्षित वर्गका विद्यार्थी पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने ।
ख. कक्षा ११/१२ र स्नातक तहमा अध्ययन गर्न लक्षित वर्गलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद ३

४. विद्यार्थी छनौट प्रक्रियाः लहान नगरपालिका भित्र स्थायी वसोवास भएका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) र कक्षा १२ मा उत्कृष्ट जि.पि.ए. सहित सफल हुने दलित, अति विपन्न र एकल महिलाका सन्ततिहरु मध्ये ग्रेडसिटको विश्लेषणका आधारमा माध्यमिक तह (कक्षा ११ र १२) का लागि १०० (एक सय) र स्नातक तहका लागि १०० (एक सय) गरी बढीमा २०० (दुइ सय) जना विधार्थी छनौट गरिनेछ ।

५. छात्रवृत्ति रकमः विद्यालयमा अध्ययनरत लक्षित वर्गका विद्यार्थीहरुलाई विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति प्रदान गर्ने नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी तोकिएको रकम नै छात्रवृत्ति वित्तरणको रकम हुनेछ । विनियोजित बजेटको उपलब्धताको आधारमा र माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) र कक्षा १२ मा उत्कृष्ट जि.पि.ए. सहित सफल भई छनौट भएका विद्यार्थीहरुलाई कक्षा ११/१२ र स्नातक तहमा अध्ययनका लागि रु.१०,०००।– (अक्षरेपी दश हजार रुपैयाँ) का दरले छात्रवृत्ति रकम उपलब्ध गरिनेछ।

६. छात्रवृत्ति प्राप्त गर्न निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु
क. हस्तलिखित निवेदन
ख. विद्यार्थी अध्ययनरत सामुदायिक विद्यालय/जे.एस. मुरारका बहुमुखी क्याम्पसमा कक्षा ११/१२ र स्नातक तहमा अध्ययनरत रहेको सिफारिस पत्र ।
ग. पहिचान खुल्ने जन्मदर्ता वा ना.प्र.प.को प्रतिलिपि ।
ग. विद्यार्थीको वैङ्क खाता नं.
घ. ग्रेड सिटको प्रतिलिपि
ङ. सम्वन्धित वडाको सिफारिस ।

७. छात्रवृत्ति रकम निकाशाः निवेदनको छानविन शिक्षा, युवा तथा खेलकुद शाखाबाट भई लहान नगरपालिकाको नगर शिक्षा समितिबाट सिफारिस भई आए पछि विद्यार्थीको वैङ्क खातामा तोकिएको छात्रवृत्ति रकम निकाशा दिइनेछ । उक्त रकमलाई कक्षा ११/१२ र स्नातक तहमा अध्ययनका लागि खर्च गर्नु पर्नेछ ।